# श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का. म. न. पा. वडा नं. ४, काठमाण्डौ
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
Website: www.swetgangahydropower.com Email: sghcl@sanimahydro.com

## दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको मिति २०८३ साल भाद्र २५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८३ साल असोज २७ गते (तदनुसार १३ अक्टोबर, २०२६), मंगलबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाण्डौ ।

**वार्षिक साधारण सभाका प्रस्तावहरु:**

**(क) साधारण प्रस्तावहरु**

१. दशौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८२/८३ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।
४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।
५. कम्पनीका शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

१. कम्पनीको उद्देश्य थप सहित प्रबन्धपत्रमा संशोधन गर्ने ।
२. कम्पनीको प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

### वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०६/१५ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०६/१४ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोली शेयर अभौतिकीकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ । आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website : www.swetgangahydropower.com मा पनि हेर्न सक्नु हुनेछ ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्बाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन ।
८. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला (ब्याग) नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला (ब्याग) र शरीर जाँच गर्न सक्नेछन् ।
९. शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा २ (दुई) जनाको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ । निर्वाचन कार्यक्रम सम्बन्धी जानकारीका लागि यस कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।
१०. सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर लिई प्रचलित कानुन तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक हुन योग्य हुनु पर्दछ । निज शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधि भित्र एकजना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित कम्पनीले तोकेको ढाँचामा कम्पनीको केन्द्रीय कार्यालय, का.म.न.पा. ०४, धुम्बाराही, काठमाण्डौमा अवस्थित निर्वाचन अधिकृतको कार्यकक्षमा आफ्नो उम्मेदवारी दर्ता गर्नु पर्नेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**नोट :** अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्बाराही, काठमाण्डौ वा फोन नं. ०१-४३७३०३०, ०१-४३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

### श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको आ. व. २०८२/८३ को संक्षिप्त आर्थिक विवरण

**कम्पनी ऐन, २०६३ को दफा ८४(४) प्रयोजन निमित्त प्रकाशित कम्पनीको संक्षिप्त वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरणको रुपमा रहेको छ ।**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको दशौं वार्षिक साधारण सभाको प्रायोजनार्थ आर्थिक वर्ष २०८२/८३ को वासलात, नाफा-नोक्सान हिसाब लगायत कम्पनीको कारोबारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं । कम्पनीले नेपाल लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०८२/८३ को नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तीय विवरण तयार गरि सोहि बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरेको छ ।

### आ. व. २०८२/८३ को कारोबारको सिंहावलोकन

यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको व्यवसायिक उद्देश्य अनुरुप निर्माण गरी सञ्चालनमा रहेको २८.१ मे. वा. जडित क्षमताको तल्लो लिखु जलविद्युत आयोजनाबाट उत्पादित विद्युतीय उर्जा विक्री मार्फत प्राप्त आम्दानी नै यस कम्पनीको प्रमुख आम्दानीको स्रोतको रुपमा रहेको छ । विगतका वर्षहरुमा जस्तै प्रस्तुत आर्थिक वर्षमा पनि विद्युत केन्द्र दक्षता पूर्वक सञ्चालन गरी विद्युतीय उर्जा उत्पादनलाई अधिकतम बनाउने प्रयास गरिएको छ । विभिन्न प्रतिकुलताका बाबजुद आयोजनाबाट विद्युतीय उर्जा उत्पादनलाई निरन्तरता दिई प्रस्तुत आर्थिक वर्ष २०८२/८३ मा कम्पनीले रु. १७,६३,६७,९१४/- (अक्षरेपी सत्र करोड त्रिसठ्ठी लाख सतसठ्ठी हजार नौ सय चौध रुपैंया मात्र) खुद नाफा गर्न सफल भएको छ ।

### नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अनुसारको वित्तीय विवरण

### BALANCE SHEET

| Particulars | Figure in NPR | |
|---|---|---|
| | 32 Ashad 2083 | 32 Ashad 2082 |
| **Assets** | | |
| **Non-Current Assets** | | |
| Property, Plant & Equipment | 14,266,103 | 19,187,325 |
| Intangible Assets | 5,886,489,768 | 6,033,203,918 |
| Intangible Assets Under Development | 9,648,580 | 9,593,502 |
| Right of Use Assets | 7,769,142 | 8,727,485 |
| **Total Non-Current Assets** | **5,918,173,594** | **6,070,712,231** |
| Current Assets | | |
| Advance and Receivables | 185,829,276 | 158,752,076 |
| Other Assets | 11,434,790 | 11,316,249 |
| Inventories | 13,613,435 | 5,710,050 |
| Cash and Cash Equivalents | 3,486,177 | 2,175,601 |
| Current Tax Assets | 464,340 | 463,692 |
| **Total Current Assets** | **214,828,018** | **178,417,667** |
| **Total Assets** | **6,133,001,611** | **6,249,129,898** |
| **Equity** | | |
| Share Capital | 1,592,979,000 | 1,592,906,000 |
| Other Equity | | |
| Other Reserves | 5,038,617 | 2,633,329 |
| Retained Earnings | (265,535,270) | (440,198,549) |
| **Total Equity** | **1,332,482,347** | **1,155,340,780** |
| **Liabilities** | | |
| Non-Current Liabilities | | |
| Financial Liabilities | | |
| Non-current Borrowings | 4,319,916,682 | 4,497,298,036 |
| Non-current Other Financial Liabilities | 38,251,705 | 69,552,101 |
| Lease Liabilities | 8,488,279 | 9,830,194 |
| Provisions | 1,237,955 | 1,183,368 |
| **Total Non-Current Liabilities** | **4,367,894,621** | **4,577,863,699** |
| **Current Liabilities** | | |
| Other Financial Liabilties | | |
| Current Borrowings | 379,873,961 | 443,759,937 |
| Current Other Financial Liabilities | 47,490,436 | 71,537,370 |
| Current Other Liabilities | 3,918,331 | 251,416 |
| Lease Liabilities | 1,341,915 | 376,696 |
| **Total Current Liabilities** | **432,624,643** | **515,925,419** |
| **Total Liabilities** | **4,800,519,264** | **5,093,789,118** |
| **Total Liabilities and Equity** | **6,133,001,611** | **6,249,129,898** |

### STATEMENT OF PROFIT OR LOSS

| Particulars | Figure in NPR | |
|---|---|---|
| | FY 2082-83 | FY 2081-82 |
| Revenue (Construction) | - | 467,594 |
| Cost of Sales (Construction) | - | (467,594) |
| Revenue from Sale of Electricity | 847,095,435 | 786,525,863 |
| Plant Operating Expenses | (88,133,658) | (100,823,826) |
| **Gross profit** | **758,961,777** | **685,702,038** |
| Other Income | 1,680,211 | 28,500 |
| Administrative and other operating expenses | (24,635,599) | (25,605,636) |
| Depreciation Expenses | (5,038,107) | (5,084,634) |
| Amortization Expenses | (226,953,828) | (226,027,268) |
| **Profit/(Loss) from Operation** | **504,014,454** | **429,012,999** |
| Finance Income | 766,381 | 900,970 |
| Finance costs | (314,792,694) | 422,790,720) |
| Foreign exchange gain/(loss) | (10,020,881) | (5,287,115) |
| **Profit/(Loss) Before Bonus & Tax** | **179,967,259** | **1,836,134** |
| Staff Bonus | (3,599,345) | (36,723) |
| Profit/(Loss) Before Tax | 176,367,914 | 1,799,411 |
| Income tax (expense)/income | - | - |
| **Profit/(Loss) For the Year** | **176,367,914** | **1,799,411** |
| Earnings per equity share of Rs. 100 each | | |
| Basic Earnings Per Share | 11.07 | 0.11 |
| Diluted Earnings Per Share | 11.07 | 0.11 |

### STATEMENT OF CASH FLOW

| Particulars | Figure in NPR | |
|---|---|---|
| | FY 2082-83 | FY 2081-82 |
| **Cash Flow from Operating Activities** | | |
| **Net Profit for the Year (Net of Tax)** | **176,367,914** | **1,799,411** |
| Prior Period adjustment | 41,051 | (105,000) |
| Adjustment for: | | |
| Amortization | 226,953,828 | 226,027,268 |
| Depreciation | 5,038,107 | 5,084,634 |
| Leave Provision | 659,603 | 438,224 |
| Interest Expense (Net) | 314,026,313 | 421,889,750 |
| **Cash Flow from Operating Activities** | **723,086,816** | **655,134,288** |
| Cash Flow from Changes in Working Capital | | |
| (Increase)/ Decrease in Current Assets | (35,099,775) | 10,682,171 |
| Increase/(Decrease) in Current Liabilities | (52,002,523) | (76,696,521) |
| **Cash Flow from Operating Activities** | **635,984,518** | **589,119,939** |
| **Cash Flow from Investing Activities** | | |
| (Increase)/Decrease in Intangible Assets | (80,294,756) | (5,376,992) |
| Right of Use Asset | 958,343 | (8,727,485) |
| Capitalization/Purchase of Fixed Assets | (116,885) | (7,919,318) |
| **Cash Flow on Investing Activities** | **(79,453,298)** | **(22,023,795)** |
| Cash Flow from Financial Activities | | |
| Increase/(Decrease) in Borrowings | (241,267,331) | (146,184,374) |
| Share calls in arrears | 73,000 | (94,000) |
| Interest Expense (Net) | (314,026,313) | (421,889,750) |
| **Cash Flow from Financial Activities** | **(555,220,644)** | **(568,168,124)** |
| **Total Cash Generated** | **1,310,576** | **(1,071,981)** |
| Opening Cash and Bank Balances | 2,175,601 | 3,247,582 |
| **Cash and cash equivalent at the end of the Period** | **3,486,177** | **2,175,601** |